# प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि

प्रस्तावनाः कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्णाली प्रदेश सेवामा समायोजन भई आएका कर्मचारीहरूलाई प्रदेश मन्त्रालय तथा मातहत निकायहरूमा पदस्थापना गर्न वा प्रदेश सरकार मार्फत कामकाज गर्न खटाईएका कर्मचारीहरूलाई प्रदेश सेवाको दरवन्दीमा कामकाज गर्ने गरी खटाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश सेवाका कर्मचारी ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" रहको छ।

(२) यो कार्यविधि प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय मातहत रहेका निर्देशनालय, डिभिजन, सव डिभिजन, केन्द्र, ईकाई तथा अन्य कार्यालयहरूलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश सभा सचिवालयलाई समेत जनाउछ।

(ग) "समायोजन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश निजामति सेवामा भएको समायोजन सम्झनु पर्छ।

## परिच्छेद-२
## कर्मचारी ब्यवस्थापन

३. **कर्मचारी खटाउनेः** (१) समायोजन भई आएका कर्मचारीहरूलाई मन्त्रालय वा कार्यालयको स्वीकृत संगठन संरचना तथा दरवन्दीको सम्बन्धित सेवा, समूह, उपसमूह तथा तहको पदमा पदस्थापन गर्न वा प्रदेशको सेवामा कामकाज गर्नेगरी खटाईएका अधिकृत (दशौं तह) वा राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर सम्मका कर्मचारीहरूलाई मन्त्रालय र अन्तरगतका कार्यालयहरूमा स्वीकृत संगठन संरचना तथा दरवन्दीको सम्बन्धित सेवा, समूह, उपसमूह तथा श्रेणीको पदमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट एकमुष्ठ रूपमा सम्बन्धित मन्त्रालयमा पठाईनेछ। बिषयतग मन्त्रालयबाट यसरी खटाउने कर्मचारीहरूको पदस्थापन गर्दा मापदण्ड अनुरूप गर्नुपर्नेछ । त्यस्तो मापदण्ड मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

तर नेपाल प्रशासन तथा विविध सेवातर्फका कर्मचारीहरूलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले रिक्त दरवन्दी रहेको प्रदेश सेवाका सम्बन्धित मन्त्रालय वा कार्यालयमा पदस्थापन गर्ने वा

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल प्रमुख सचिव

खटाउने छ। लेखा समूहका कर्मचारीहरूको पदस्थापना तथा कामकाज गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा एकमुष्ट रूपमा पठाईनेछ। सो मन्त्रालयले आफैले वा प्रदेश लेखा नियन्त्रक कार्यालयसंग समन्वय गरी मापदण्ड तयार गरी पदस्थापन तथा काम काजमा खटाउनेछ ।

(२) उपदफा (१) बमोजिम खटाईएका कर्मचारीलाई सम्बन्धित मन्त्रायले राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर वा अधिकृत (नवौं र दशौं तह)को पदमा भए मन्त्रिस्तरबाट र अन्य तहको भए सचिवस्तरको निर्णयबाट मन्त्रालय र अन्तरगतका कार्यालयमा पदस्थापना गर्न वा कामकाज गर्न खटाउन सक्नेछ।

(३) समायोजन भई आएका वा कामकाज गर्नेगरी मन्त्रालयमा खटाईएका कर्मचारी तोकिएको मन्त्रालयमा स्वयम् उपस्थित भई हाजिर भएपछि मात्र निजलाई मन्त्रालय वा कार्यालयको रिक्त रहेको पदमा पदस्थापना वा कामकाज गर्नेगरी खटाइनेछ ।

(४) उपदफा (३) मा उल्लेख भए बमोजिम हाजिर हुन आउने कर्मचारीलाई पदस्थापन गर्नु वा खटाउनुभन्दा अघि प्राथमिकताक्रमको आधारमा निजले जान चाहेको उपलब्ध भएसम्म पाँचवटा निकाय को नाम उल्लेख गरी अनुसूची (१) बमोजिमको फारम भर्नु पर्नेछ। यसरी छनौट गर्दा कम्तिमा दुईवटा मन्त्रालय र तीनवटा जिल्लामा पर्ने तीनवटा कार्यालय वा कुनै जिल्लाका दुईवटामा नबढ्ने गरी कम्तिमा पाँचवटा कार्यालय छनौट गर्नुपर्नेछ । यदि छनौट गरेको मन्त्रालय वा कार्यालयमा पदस्थापना गर्न नसकिने अवस्था भएमा आवश्यकता अनुसार अन्य मन्त्रालय वा कार्यालयमा पदस्थापना गरिनेछ ।

(५) उपदफा (४) बमोजिम फारम भर्ने प्रयोजनका लागि सम्बन्धित मन्त्रालयले आफ्नो मन्त्रालय र अन्तरगतको सो पद, सेवा, समूह वा उप समूह र श्रेणी वा तहको तत्काल रिक्त रहेको दरवन्दीको विवरण उपलब्ध गराउनु पर्नेछ।

(६) समायोजन ऐनमा उल्लेख भएको म्यादभित्र हाजिर हुन नआउने कर्मचारीलाई उपदफा (४) बमोजिम निजले जान चाहेको कुनै मन्त्रालय वा कार्यालय नरोजाई सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार सीधै पदस्थापना गर्न वा कामकाज गर्ने गरी खटाउन सक्नेछ।

(७) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि हाल प्रदेशस्तरको निकायको दरवन्दीमा कामकाज गरिरहेको र समायोजन हुँदा समेत यसै प्रदेशमा समायोजन भएका कर्मचारीलाई पदस्थापना वा कामकाज गर्न खटाउँदा सम्भव भएसम्म हाल प्रदेशस्तरको जुन निकायमा कामकाज गरिरहेको छ सोही निकायमा दरवन्दी कामय रहेको भए सोही निकायमै पदस्थापन गरिने वा कामकाज गर्न खटाइने।

(८) एक बर्ष भन्दा कम उमेरका शिशु भएका महिला कर्मचारीले सोको प्रमाण सहित निवेदन दिएमा र नेपाल सरकारले निर्धारण गरेको कडा रोग लागेका कर्मचारीलाई निजले त्यस्तो रोग लागेको कुरा मेडिकल बोर्डको सिफारिस सहित निवेदन दिएमा पदस्थापना वा कामकाज गर्न खटाँउदा सम्भव भएसम्म तत्काल रिक्त भएको मध्ये निजलाई पायक पर्ने कार्यालयमा खटाउन सकिनेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्रमुख सचिव